२३औं वोर्ड बैठक मिति २०७३/०२/०६

गते विहान ७:०० वजे

आज मिति २०७३/०२/०६ गते विहिवारका दिन धरान उपमहा नगरपालिका कार्य संचालन समितिको वैठक बसी तपसिलका निर्णयहरु गरियो ।

उपस्थिति

श्री टीकादत्त राई - कार्यकारी अधिकृत एवं प्रमुख - धरान उप-महानगरपालिका कार्यालय

आमन्त्रित उपस्थिति रेकर्ड

| | |
|---|---|
| श्री गणेशप्रसाद खतिवडा | वरिष्ठ प्रशासकिय अधिकृत |
| श्री खगेन्द्रप्रसाद खतिवडा | वरिष्ठ कर अधिकृत |
| श्री सूरज श्रेष्ठ | वरिष्ठ इन्जिनियर |
| श्री रमेश शाह | वरिष्ठ आन्तरिक लेखा परिक्षण अधिकृत |
| श्री भेषराज अधिकारी | वरिष्ठ लेखा अधिकृत |
| श्री राजु पोखरेल | इन्जिनियर |
| श्री सूनील नेपाल | सामाजिक विकास अधिकृत |

निर्णयहरु

निर्णय नं १ (एक )

सिटि सफारी दर्ताको सिफारिस र दस्तुर सम्वन्धमा : हाल धरान उपमहा नगर क्षेत्रमा विना दर्ता संचालन भई रहेका सिटि सफारीहरुलाई दर्ताको सिफारिसकालागि सिटि सफारी सिफारिस समितिको मिति २०७३/०२/०४ **गते बसेको बैठकले निर्णय गरी सिफारिस भई आए अनुसार** धरान उपमहा नगर पालिकाले २०७२/१२/०८ मा सूचना प्रकाशन गर्दाका बखत भन्दा अगाडिनै आई संचालनमा रहेका र सूचनाको म्याद भित्र दर्ता भएका रीत पुगेका निवेदकहरुलाई सिटि सफारी सम्बन्धि संघ संस्थाका प्रतिनिधिहरुले सहमती गरी पेश गरेको रुटहरुमा संचालन गर्ने गरी दर्ताकालागि सिफारिस गर्ने निर्णय गरियो ।साथै सिफारिस दस्तूरको हकमा विगतको बराबर रु २५००।०० प्रति गोटा लिने समेत निर्णय गरियो ।

निर्णय नं २ ( दुई )

नया रुट संचालन सवन्धमा : विगतमा सिटि सफारी संचालनकालागि २४ वटा रुटहरु पास भएकोमा हाल आएर सिटि सफारीको संख्या समेत अत्याधिक बढेको साथै उपमहा नगरपालिकामा नयाँ क्षेत्रहरु समेत समावेश भएकाले उक्त नया क्षेत्रहरुमा समेत समावेश गरी तपसिलका नयाँ रुटहरुमा समेत कायम गरी सो रुटमा पनि सिफारिस गर्ने निर्णय गरियो ।

क धरान ११ शान्तिचोक देखि धरान ६ भानुचोक

ख धरान ११ कल्याण चोक देखि धरान ६ भानुचोक

ग धरान १० रत्न चोक देखि धरान ६ भानुचोक

घ धरान ३ भौडी देखि धरान १५ बगरकोट

ङ धरान ३ भौडीदेखि धरान १५ पिण्डेश्वरी चोक

च धरान ३ भौडीदेखि धरान १५ त्रिवेणी चोक

छ धरान १५ रात्रीबस पार्कवाट धरान १५ काठेपुल

ज धरान २३ स्कूल डाडावाट धरान १५ महादेव चोक

झ धरान २२ देउराली चोक देखि धरान १५ आडा लाईन

ञ धरान १६ स्कोन मन्दिरवाट धरान १८ वुद्ध चोक

ट धरान २३ सरस्वती चोकवाट धरान १५लाङघाली चोक

ठ धरान १८ डेन्टल गेटवाट धरान ६ भानु चोक

ड धरान १५ बगरकोटवाट धरान १४ विजयपुर (टेराकालागि)

ढ धरान २७ पटनालीवाट धरान १२ न पा गेट (टेराकालागि)

ण धरान ८ सिद्धार्थ चोकवाट जनपथ हुदै धरान १६ स्टेडियम (टेराकालागि)

**निर्णय नं ३ (तीन )**

स्तरवृद्धि सम्वन्धमा : स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २२५ (ग )मा भएको ब्यबस्था अनुसार यस कार्यालयमा सहयोगी कमला राईको मिति २०७३/०२/०५ देखि लागू हुनेगरी सहायक प्रथम तहको चतुर्थ स्तरवाट सहायक प्रथम तहको पाँचौ तहमा स्तर वृद्धि गर्ने टिप्पणी निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं ४ (चार )**

निर्णय अनुमोदन गर्ने सम्वन्धमा : यस कार्यालयको नगर प्रहरीले दिएको मिति २०७२/१०/०५ को प्रतिवेदन अनुसार धरान २१ स्थित साविक वाझगरा १ ख कि नं ११ को जग्गा सँगै रहेको ऐलानी जग्गामा बनेको कुखुराको खोर भत्काउने क्रममा नम्बरीको टहरा समेत भत्काएको भनी क्षतीपुर्ति माग गरी धरान १५ निवासी ज्ञानेन्द्र बस्नेतले दिएको निवेदन सम्वन्धमा यस कार्यालयका सर्वेक्षणले मिति २०७३/०१/०८ मा दिएको प्रतिवेदनमा भत्काईएका टहराहरु नम्वरीका पनि परेको भनी उल्लेख भएको हुँदा क्षतिको सम्वन्धमा खटाईएका प्राविधिकवाट भएको मुल्याङ्कन अनुसार रु १५०००/०० पन्ध्र हजार क्षतिपुर्ति दिने भनी मिति २०७३/०१/०५ मा भएको टिप्पणी निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं ५ (पाँच )**

छनौट समितिको भत्ता सम्वन्धमा : संघिय मामिला तथा स्थानीय विकास मंत्रालयवाट नगरपालिकाहरुकालागि LGCDP कार्यक्रम अधिकृतकालागि प्रकाशित विज्ञापनको पदपुर्तिको काम गर्न गठित छनौट समितिको वैठक भत्ता पदपुर्ति समितिको सरह निर्धारण गर्ने निर्णय गरियो ।

आजको वोर्ड वैठक विहान ९:३०वजे समापन गरियो ।

माईन्युटकर्ता : भक्तिराज शर्मा,सुचना अधिकृत,धरान उपमहा नगरपालिका